

# भीम पुस्तकालय चिनारी



पुस्तकालयको पुन:निर्मित भवन ।



भीम पुस्तकालयको पुन:निर्मित भवनको निर्माण गर्ने दाता
बरिष्ठ समाजसेवी इं. आत्माकृष्ण श्रेष्ठ तथा स्व. रुपा श्रेष्ठ ।



भीम पुस्तकालयमा रहेका पुस्तकहरू ।

श्री ५ को सरकार

फो. नं. ०४६ २०१३३

# जिल्ला कार्यालय, दोलखा

(........................ शाखा)

अनुसूचि :- १

( नियम ४ संग सम्बन्धित )

<u>प्रमाण-पत्रको ढाँचा</u>

पत्र संख्या :-

चलानी नं.:- १५९५

परिक्षेत्र

मिति २०४६।८।२६ ...

दर्ता मिति :-०४६।८।२६

दर्ता नं :- ४।०४६।४७

विषय :-

श्री "उज्यालो मिम पुस्तकालय, दो.गा.पं.

वडानं.८.

मिम पुस्तकालय दोलखा गा पं.वडानं.८ संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम २०४६ साल पुस २६ गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही: [illegible]

पुरा नाम :- ईश्वर प्रसाद श्रेष्ठ

दर्जा :- प्रमुख जिल्ला अधिकारी

कार्यालय :- जिल्ला कार्यालय दोलखा

| नविकरण गरेको मिति | दर्ता प्रमाण-पत्र बहाल रहने अवधि | नविकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

<u>बोधार्थ :-</u>

श्री सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद,

[illegible] काठमाडौं ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चरिकोट, दोलखा

## संस्था दर्ता प्रमाण-पत्र

प्रतिलिपी

दर्ता मिति: २०४६/०९/१६

दर्ता नं.४

श्री अध्यक्षज्यू

भीम पुस्तकालय

दोलखा गा.प.वडा नं. ८, दोलखा

भीम पुस्तकालय संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिम मिति २०४६ साल पुष महिना १६गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।



स्थानीय अधिकारीको सही:-

पूरा नाम:- ईश्वर प्रसाद श्रेष्ठ

दर्जा:- प्रमुख जिल्ला अधिकारी

प्रतिलिपी जारी गर्ने अधिकारी

नामथर:- औलाख बहादुर आले

दर्जा:- सहायक प्रमुख जिल्ला अधिकारी

द्रष्टव्य- यो प्रमाणपत्र हरेक आर्थिक बर्ष भित्र नविकरण गर्नु पर्ने छ ।

श्री

श्री ५ को सरकार

शिक्षा मन्त्रालय

# प्रमुख जिल्ला अधिकारीको कार्यालय

## शिक्षा शाखा

पत्र संख्याः— सं. 702 — दोलखा (चरिकोट)

मितिः-०३०।१०।१६।६

प्राप्त पत्र संख्या र मितिः—

विषयः— पुस्तकालय स्वीकृत ।

श्री भिम पुस्तकालय

दोल्खा ।

ताहां बाट प्राप्त भएको प्रतिवेदन अनुसार प्राप्त पुस्तकालय - निरिक्षण गर्दा समेत पुस्तकालय स्वीकृत दिने तर्फ विचार गर्दा आवश्यक देखिएकाे हुदा शिक्षा नियम २०२७ अनुसार श्री भिम पुस्तकालय दोलखा, नामको पुस्तकालय स्वीकृत गरीएको कुरा जानकारी गराएकोछु । साथै शिक्षा - नियम अनुसार पुस्तकालय संचालन गर्न आग्रह गर्दछु ।

जिल्ला शिक्षा निरीक्षक

बोधार्थ -

श्री जि. शि. का. धनुषा ।

श्री भिम पुस्तकालय

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग



# स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति

| आयकर: | ३१ | ०५ | २०८१ |
| --- | --- | --- | --- |
| | दिन | महिना | साल |

| | | |
| --- | --- | --- |
| स्थायी लेखा नम्बर | : | ६ २ १ ८ ३ ६ ८ १ ५ |
| आन्तरिक राजस्व कार्यालय | : | आन्तरिक राजस्व कार्यालय धुलिखेल |
| करदाता सेवा कार्यालय | : | चरिकोट |

कारोबारको नाम : भिम पुस्तकालय

करदाताको प्रकार : गैर सरकारी संस्था

ठेगाना : वार्ड नं. २, दोलखा बजार
नगरपालिका: भिमेश्वर,
दोलखा

व्यवसायका कारोबारहरु : पुस्तकालय, पुरातात्विक अभिलेखालयसम्बन्धी क्रियाकलापहरु,

२०८१/०५/३१

करदाताको दस्तखत

सम्झना गौतम
कर अधिकृत

**करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:**
- कारोबार गर्दा अनिवार्य रूपमा बिल बिजक जारी गर्नुपर्दछ।
- मू.अ. करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिन भित्र मू.अ. कर विवरण तथा मू.अ. कर रकम बुझाउनु पर्दछ।
- अन्तःशुल्क लाग्ने कारोबार गर्ने अथवा वस्तुमा सरोकारवाला प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मासिकवारी र अन्तःशुल्क रकम बुझाउनु पर्दछ।
- प्रत्येक आर्थिक वर्षको आय विवरण आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र बुझाउनु पर्दछ।
- तोकिएको समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाण पत्र देखिने गरी कारोबार स्थल, मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नु होला।

पाना नं: ८४१

प्रतिलिपि

र नं २८१ मिति २०८१/०५/३१ को प्रतिलिपि माग निवेदन अनुसार प्रतिलिपि दिइएको ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार/मालपोत कार्यालय ...................

0000008742

# जग्गाधनी दर्ता प्रमाण पुर्जा

संस्थाको छाप प्रमाणित गर्नेको दस्तखत

संस्थाको नाम: भिम पुस्तकालय दोलखा
ठेगाना: जिल्ला: दोलखा गा.पा. / न.पा. / गा. वि. स.: दोलखा वार्ड नं.: ८
दर्ता नं.: ४।०४६।४७
जारी गर्ने कार्यालय: जिल्ला कार्यालय, दोलखा
वेबसाइट: ईमेल:
दर्ता मिति (वि.स): २०४६/०६/१६

| साबिक कित्ता नं. | प्रमाण संकेत / कारोबार स्याहोरा | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आवादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११२ | २०५३/०१/२५<br>पुरानो नापी<br>जग्गा नापजाँच | दोलखा<br>दोलखा | ८<br>१५८१३०८ | ११२<br>० | अन्य<br>रैकर निजी | एकलौटी | | बिट/पाखो/बारी<br>दोयम | ०-०-०-० (रोपनी)<br>२५.०० | | |
| | | | | | | | | जम्मा क्षेत्रफल | २५.०० वर्ग मिटर | | |

भिम पुस्तकालय दोलखा
प्रिन्ट गर्नेको दस्तखत ...............
प्रिन्ट गर्नेको नाम : लेखनाथ चौलागाई

प्रिन्ट मिति : २०८१/०५/३१

रुजु गर्नेको दस्तखत ...............

नायब सुब्बा

# त्रिपुरा पुस्तकालय, भैरव लाइब्रेरी हुँदै भीम पुस्तकालय

*प्रस्तुतिः प्रा. अमन श्रेष्ठ*
*अमरकुमार प्रधान*
*प्रा. डा. हरिदर्शन श्रेष्ठ*

'नयाँ किताब किन, पुरानो कोट लगाऊ' डेभिड थोरोले ज्ञानविज्ञानको स्रोत किताब अर्थात् पुस्तकको महत्त्व 'पुस्तक+आलय' बाट पुस्तकालय अर्थात् 'किताबको घर' भन्ने अर्थ बुझाएका छन् ।

हाम्रो देशमा ताम्रपत्र, भोजपत्र, ताडपत्र आदि नामका प्राचीन पुस्तक नभएका होइनन् । तिनलाई व्यवस्थित रूपमा राख्न राजा गिर्वाणयुद्ध वीर विक्रम शाहको पालामा वि.सं. १८६९ भदौ १५ मा पुस्तक चिताइ तहबिल भनी व्यवस्थापक नियुक्त गरेको पाइएकोले २०६५ भदौ १५ लाई हरेक वर्ष पुस्तकालय दिवस मनाउन थालिएको छ । तर राणाकालमा त भीम शमशेरकहाँ पुस्तकालय खोल्न पाउँ भनी निवेदन दिंदा सबै निवेदक (जसमा महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि परेका थिए) लाई रु. १००/- जनही जरिवाना गरिएको थियो । उनीभन्दा अघि प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरले त्रिचन्द्र क्याम्पस स्थापना गर्दा 'आज आफ्नै खुट्टामा बञ्चरो हानेँ' भनेर परिवारलाई सुनाएका थिए रे । यसबाट बुझिन्छ १०४ वर्षको अनुदार राणाशासन कति कठोर, क्रुर र आततायी थियो ।

जे होस् राजा त्रिभुवनको पालामा नेपाली काँग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्ति र जनजागरणको फलस्वरूप २००७ साल फागुन

७ गते निरंकुश राणाशासनको अन्त्य भई प्रजातन्त्र लागू भयो । २००८ सालमा दोलखामा भीम आधार स्कुल (हालको भीम उच्च मा.वि.) स्थापना भयो । लगत्तै २०१० सालमा दोलखा शहरमै त्रिपुरा पुस्तकालय पनि खडा भयो । सार्वजनिक पुस्तकालयको रूपमा यसले सरकारी मान्यता पाई तत्कालीन 'नेपाल राजपत्र' समेत आउँथ्यो । यो त्रिपुरा पुस्तकालय स्थापना पछि सञ्चालनमा रहेका सहयोगीजनहरूको नाम दोलखाको बैकुण्ठ नारायण प्रधानको भनाईमा- आनन्दबहादुर श्रेष्ठ, गणेशदास श्रेष्ठ, ओमबहादुर श्रेष्ठ, ज्ञानकृष्ण श्रेष्ठ, कृष्णमुरारि मास्के, केदारमान सिहं श्रेष्ठ, वेददास चाकुबजी, बैकुण्ठनारायण प्रधान, खड्गबहादुर श्रेष्ठ, चन्द्रकृष्ण जोशी आदि थिए ।

२०१४ मा भैरवबहादुर श्रेष्ठ र भतिजा हरिभक्त श्रेष्ठले अमेरिकन लाइब्रेरीबाट प्राप्त पुस्तकहरू जुटाई भैरब लाइब्रेरी खोले । यसपछि दोलखामा पुस्तकालय र लाइब्रेरी नाममा दुईवटा पुस्तकालयहरु सञ्चालन भएका थिए । २०२३ साल जेठ ९ गते भीषण आगलागी भई त्यो बेलाको ५५ चुल्हो भएको 'ड्वाकु छैं' (अर्थात् नेपाली भाषामा ठूलो घर भन्ने गरिन्छ, पछि सो शब्द संक्षिप्त हुँदै 'डोक्छैं' भन्न थालियो) आगलागीबाट ध्वस्त हुँदा त्रिपुरा र भैरब दुबै पुस्तकालयका पुस्तकहरू भीम पब्लिक हाइ स्कुलमा ओसारेर थुपारियो अर्थात् थन्काइयो ।

वि.सं. २०२४ मा रामबहादुर श्रेष्ठ (डा. कविताराम श्रेष्ठ) भीम हाइ स्कुलको का.मु. प्र.अ. भइ आउनु भयो । उहाँले यी पुस्तकहरूलाई व्यवस्थित गरी स्कुलको सञ्चालक समितिमा भीम पुस्तकालय प्रस्ताव राख्नु भयो । 'त्रिपुरा' नाम राख्दा 'भैरव' पक्षले नराम्रो ठान्ने र 'भैरव' को नाम राख्दा 'त्रिपुरा'ले । त्यसैले स्कुलको नाम पनि भीम र भीमसेन मन्दिरकै वरिपरि रहने भएकोले 'भीम पुस्तकालय'कै नामाकरण गरी २०२४ मा स्थापना गरिएको हो । पुस्तकालय स्थापना पश्चात् सञ्चालनको लागि तदर्थ समिति पनि गठन गरिए । जसमा अध्यक्षमा उनै का.मु.प्र.अ. रामबहादुर श्रेष्ठ, उपाध्यक्षमा चोकबहादुर दाहाल, सचिवमा अमरकुमार

प्रधान, कोषाध्यक्ष बलराम श्रेष्ठ, सदस्य विनोद श्रेष्ठ, अमन श्रेष्ठ भए। त्यसपछि पुस्तकालयको स्वरूप बढाउन घरघरमा जम्मा भएका पुस्तकहरू दान माग गरियो। पुस्तकालयको आधिकारिक गतिविधि गतिशील बनाउन छाप र लेटरप्याड पनि बनाइयो। यसपछि नेपाल स्थित विभिन्न देशका राजदूतावास एवं सूचना विभागमा पत्र लेखी पुस्तक पत्रपत्रिका माग गरियो। नभन्दै भारतीय राजदूतावासबाट भारत समाचार, सोभियत संघबाट सोभियत भूमि, महाकवि अलेक्जेण्डर पुश्किनको (कृष्णप्रकाश श्रेष्ठ अनुदित) जिप्सी 'खण्डकाव्य', अमेरिकी सूचना केन्द्रबाट स्वतन्त्र समाचार र उत्तरकोरिया राजदूतावासबाट किम इल सुङ्गको जीवनी, जुछे आदि पत्रिकाहरु आए। त्यहीँ बेलामा ई. आत्माकृष्ण श्रेष्ठले आर्थिक स्थिति कमजोर भएका विद्यार्थीहरुलाई सहयोग पुग्ने गरी एस. एल. सि. पाठ्यक्रमको एक सेट पुस्तकहरु प्रदान गर्नु भयो, जसमा आफ्ना पिता भैरवबहादुर श्रेष्ठको स्मृतिमा प्रदान गरिएको भनि उल्लेख गरिएको थियो।

२०२४ को पुस महिना लागेपछि मेघराज कोइराला प्रधानाध्यापक भएर आउनु भयो। रामबहादुर श्रेष्ठ सहायक प्र.अ. हुनु भयो। पुस्तकालयको तदर्थ समितिको ठाउँमा पूर्ण सञ्चालक समितिको लागि चुनाव गरियो। पदेन अध्यक्ष प्र.अ. हुने कि दोलखा गाउँ पञ्चायतको प्रधानपञ्च हुने भन्ने बारेमा विवाद भई चुनाव भयो। भोट बराबर भई गोला राख्दा प्र.अ. पदेन अध्यक्ष, प्रधानपञ्च पदेन उपाध्यक्ष भए। रामबहादुर कार्यकारी सचिव भयो। अमरकुमार लाइब्रेरियन भए। दैनिक पुस्तकालय सञ्चालनको लागि तत्कालीन विद्यार्थीहरू अमन श्रेष्ठ, अनुराग प्रधान, कृष्णप्रसाद श्रेष्ठ अलि पछि यज्ञबहादुर श्रेष्ठ पनि भए। राजनैतिक द्वन्द्वका कारण रामबहादुर श्रेष्ठ निष्काशित हुनु भयो। एक वर्षपछि अकश्मात् मेघराज कोइराला पनि पलायन हुनु भयो। शिक्षक श्याम प्रधान पुस्तकालयको अध्यक्ष हुनु भयो। २०२८ सालदेखि नयाँ शिक्षा लागू भयो। दोलखामा २०३१ मा लागू हूने भए पनि सार्वजनिक पुस्तकालयको अस्तित्व हराई मात्र स्कुल पुस्तकालय हुने भएकोले २०२८ कार्तिकमै तत्कालीन प्रधानपञ्च खड्गबहादुर श्रेष्ठको घरको दलानमा सार्वजनिक

तर विद्यार्थीको लागि पनि स्वतः पुस्तकालयको सदस्य हुने गरी सारियो ।

२०३० माघ १९ गते प्र.जि.अ. शिक्षा शाखाबाट शिक्षा नियम २०२७ अनुसार श्री भीम पुस्तकालय दोलखाको पुस्तकालय स्वीकृत गरिएको पत्र प्राप्त भयो । सो उपलक्ष्यमा पुस्तकालय बसेको दलान अगाडिको भीमसेन डबलीमा कार्यक्रम गरियो । जसमा प्रमुख अतिथि तत्कालीन घरेलु अधिकृत केशवराज घिमिरेले पुस्तकालयकर्मी यज्ञबहादुर श्रेष्ठलाई पुरस्कार दिएका थिए । यही बीच दोलखा जिल्लामा कृषि विकास बैंक राखिने भयो । जसको लागि निःशुल्क ठाउँ यही पुस्तकालय रहेकैमा राख्ने कुरा भएपछि पुस्तकालय पुरान्छेंकी मुक्तिलक्ष्मी श्रेष्ठ (कृष्ण नारायण र उत्तम श्रेष्ठकी आमा) को ३ कवल पसलमा सारियो । त्यसबेला पुस्तकालयमा सोही घरकै परिवारका सदस्य कृष्णनारायण श्रेष्ठ अलिपछि पुरान्छेंकै मोहनकृष्ण श्रेष्ठ र प्रमोद श्रेष्ठ पनि आलोपालो गरी बस्दथे ।

स्मरणीय छः लोकसेवा आयोगको जनकपुर अञ्चल कार्यालय जनकपुरबाट विज्ञापन पत्र हुलाकबाट आउँदथ्यो । जसलाई मार्फत् भीम पुस्तकालय भनी सिम्भु थान अगाडिको बतासे पाटीमा टासिन्थ्यो । कालिञ्चोक युवा क्लबको संयोजनमा दैनिक गोरखा पत्र चार वटा आउँदथे । जुन माथिल्लो टोलमा काठको पाता गाडी सुल्टा उल्टा गरी टाँस्ने गरिन्थ्यो । त्यस्तै दोलखा नगररस्थित तल्लो टोलमा राजकुलेश्वर प्राथमिक विद्यालयको भित्तामा पनि मार्फत् भीम पुस्तकालय भनी दिनदिनै टासिन्थ्यो र जतनसँग उप्काई पुस्तकालयमा संकलन गरिन्थ्यो ।

दोलखा डोक्छें टोलका ज्ञानकृष्ण श्रेष्ठले पिता हस्तबहादुर श्रेष्ठको नाममा रहेको जग्गा भीम पुस्तकालयको नाममा भवन निर्माण गर्न २५ व.मि. जग्गा र सोहि प्रदान गर्नुभएको जग्गामा नै २०३२ सालको हीउँदमा भीम पुस्तकालयको नाममा भवन निर्माणका लागि २०३१ माघ २५ गते शिलान्यास गरियो । थोरै नपुग जग्गा डोक्छें टोलका हर्कबहादुर श्रेष्ठबाट

प्राप्त भयो । थप नपुग चाहिँ तीर्थबहादुर श्रेष्ठबाट रु.५०० रुपैयाँमा किनिएको हो । त्यसबेला राष्ट्रिय विकास सेवा अन्तर्गत रा.वि.से. विद्यार्थीहरू जो जिल्ला जिल्लाका स्कुलमा खटिएका हुन्थे । ती मध्ये भीम माध्यमिक विद्यालयमा कार्यरत कृष्ण पौडेल र मणिदेव भट्टराई अनि चरिकोटको कालिञ्चोक मा. वि. मा कार्यरत अमन श्रेष्ठको सक्रियतामा कालिञ्चोक युवा क्लवको अनुदान १० हजार रुपैयाँ जुटाई प्रधानपञ्च भरतबहादुर श्रेष्ठबाट जनश्रमदान उपलब्ध गराई दुईतले पुस्तकालय भवन तैयार भयो ।

२०३५ साल पुष १४ गते उद्घाटन भई विधिवत सञ्चालन हुन थाल्यो । सूचना विभागबाट पुस्तकालयलाई श्री ५ को महावाणी, भाषणहरू संग्रहित पुस्तकहरू प्राप्त हुन्थ्यो । ती बाहेक नेपाल सम्बन्धी मूल्यवान पुस्तकहरू राजदरबार जाँचबुझ केन्द्र प्रकाशित मेचिदेखि महाकालीसम्म ५ खण्ड बाबुराम आचार्यको "श्री ५ पृथ्वी नारायण शाह", प्रा. डोर बहादुर विष्ट लिखित 'पिपुल अफ नेपाल ' जस्ता गहकिला पुस्तक पनि प्राप्त भएको थियो । नयाँ शिक्षा लागू हुनु अघि अञ्चल शिक्षा अधिकारीले "पिपुल अफ नेपाल" फर्काउने शर्तमा लिएर गए तर फर्काएन । यस्तै लाइब्रेरियन यज्ञ ब. श्रेष्ठका अनुसार कोमलप्रसाद गौतमले लेखेको कोमल गीता (अमरकुमार प्रधानको तर्फबाट दान दिएको) पनि स्थानीय उच्च श्रेणीका कर्मचारीले पढ्न भनी लिएर गए तर फिर्ता बुझाएनन् । जे होस् फलतः चराको गुँड सारेजस्तो गरिहेको पुस्तकालयले आफ्नो घर र भर पायो ।

यसै विचमा हरि दर्शन श्रेष्ठको सक्रियतामा राजकुलेस्वर प्राथमिक विद्यालयको नाममा धर्मात्मा श्रेष्ठ, रविभक्त श्रेष्ठ, तीर्थ नारायण जोशी सहितको सहयोगमा २०२७ सालमा राज पुस्तकालय स्थापित गरि हरि दर्शन श्रेष्ठको घरको छिढिमा सचालन भयो र हालको भबनमा भिम पुस्तकालय सचालन भएपछि पुस्तक हस्तानतरण सहित राज पुस्तकालय भिम पुस्तकालयमा गाभियो ।

त्यसपछि पुस्तकालय सञ्चालन समितिको अध्यक्षमा डोक्छैं टोलकै मोहनकृष्ण श्रेष्ठ भएपछि खाद्यसंस्थान चरिकोटको डिलर लिएको क्रममा सरकारी कर्मचारीहरूलाई पुस्तकालयको सशुल्क सदस्य बनाई पुस्तकहरू पठनपाठनको लागि उपलब्ध गराउने व्यवस्था गर्नु भएको थियो ।

नेपाल पुस्तकालय संघको स्थापना भएपछि भीम पुस्तकालयले पनि संघको सदस्यता ग्रहण गर्यो । ने.पु.सं.को मुखपत्र २०४१ मा भीम पुस्तकालयमा परिचय दिइएको छ जसमा उल्लेख गरिए अनुसार पुस्तकालय सञ्चालनमा केही वर्ष देखि केही पारिश्रमिक पाउने गरी विद्यार्थी कर्मचारीको व्यवस्था गरिएको र साँझ २ घण्टा खोलिएको २०४१ बैशाख देखि खोलिने गरी प्रतिहप्ता ३१ घण्टा खोलिएको यसको लागि पारिश्रमिक थप गर्न जि.पं.स. बैकुण्ठ नारायण प्रधानले मासिक रु. १५० दिने वचन दिनु भएको थियो । त्यसबेला सदस्य संख्या ६० पुगेको र पुस्तक संख्याको विवरण यसप्रकारको थियों- नेपाली ३६८, हिन्दी ३११, नेवारी ३८, अंग्रेजी ३००, संस्कृत १५, विविध ४८ । पछि पारिश्रमिक दिन गाह्रो भएपछि तल्लो तलामा भएको वाचनालयलाई पनि माथिल्लो तलामै लगी । भूइँ तलामा पसल राख्ने व्यवस्था गरी त्यसको बहालबाट पुस्तकालय खर्च व्यवस्था गरियो ।

२०५५ सालमा चैत्रमा नेपाल बालसाहित्य समाजको आयोजनमा भीमेश्वर नगरपालिकाका तत्कालीन मेयर चोकबहादुर दाहालको व्यवस्थापनमा बालसाहित्य सम्मेलन हुँदा डा. कविताराम श्रेष्ठ (भी.मा.वि.का पूर्व स.प्र.अ. रामबहादुर) पनि आउनु भएको थियो । उहाँ लगायत अन्य प्राज्ञहरूको स्वागत पुस्तकालयले गरेको थियो । यही भीम पुस्तकालयको स्तरोन्नतिका लागि उपत्यकांमा बसेका दोलखालीहरूबाट पत्रपत्रिकाको ग्राहक बनिदिएर हुलाकबाट पठाइदिने व्यवस्था गरिएको थियो ।  कालन्तरमा यस पुस्तकालय सञ्चालनमा रहेका विभिन्न समय कालखण्डमा काम गर्ने समिति उपसमिति उपलब्ध भए अनुसार यहाँ दर्शाइएको छ ।

**उपलब्ध सामरग्रिको आधारमाः**

सभापतिः- रामचन्द्र श्रेष्ठ
उप-सभापतिः- टीकानारायण प्रधान
कोषाध्यक्षः- बुद्धिबहादुर श्रेष्ठ
सचिवः- तीर्थनारायण जोशी
सहसचिवः- शरणकुमार प्रधान
सदस्यहरूः- भक्तलाल श्रेष्ठ
भरतबहादुर श्रेष्ठ (थारकोट)

**२०४८ साल पौष १८ काठमाडौं सहयोग समिति**

संयोजकः- अमरकुमार प्रधान
सदस्यहरूः- द्वारिकामान सिंह प्रधान
सुरेश प्रधान
कृष्णनारायण श्रेष्ठ
पुर्षार्थ श्रेष्ठ

**२०५० भाद्र ३० (दोलखा तर्फ)**

सभापतिः- रामचन्द्र श्रेष्ठ
उप-सभापतिः- टीकानारायण प्रधान
कोषाध्यक्षः- गणेशबहादुर श्रेष्ठ
सचिवः- तीर्थनारायण जोशी
सहसचिवः- शरणकुमार प्रधान
सदस्यहरूः- भक्तलाल श्रेष्ठ
मोहनबहादुर श्रेष्ठ
सल्लाहकारः बालकृष्ण जोशी

२०५४ साउन १८ मा

अध्यक्षः- रविभक्त श्रेष्ठ

सचिवः- ज्ञानेन्द्र प्रधान

कोषाध्यक्षः- भक्तलाल श्रेष्ठ

सदस्यहरूः- शरणकुमार प्रधान

प्रवीण प्रधान

तीर्थनारायण जोशी

मणिकुमार प्रधान

यी उल्लेखित समितिहरु नै पूर्णता भने थिएनन् । यसभन्दा अघि र पछिल्ला समयमा रहेका समितिमा धेरैले यस पुस्तकालयललाई ठूलै योगदान दिएका थिए जो स्मरणयोग्य हुन सक्छन् । दोलखामा मनोकांक्षित उच्च शिक्षालयको अभावका कारण प्रायः एस.एल.सी. उत्तीर्ण हुने बित्तिकै क्याम्पस पढ्नका लागि राजधानी पलायन हुनुपर्ने बाध्यताले गर्दा सो लाइब्रेरी सञ्चालनमा केही असहज भएको थियो । तथापि २०५५ सालसम्म दोलखाली युवाहरूकै सक्रियतामा जसोतसो चलिरहेको यो पुस्तकालय जब स्थानीय घरेलु तथा साना विकास आयोजनाको कार्यालयमा त्यही सालमा तत्कालीन आन्दोलनकारीहरूले बम विष्फोट गरेर त्रास फैलाए पछि साँझ पर्नेबित्तिकै टोल नै सुनसान हुन थाल्यो र यो पुस्तकालय पनि भयातुर भएर सन्नाटामा परिणत भएको यथार्थ छ ।

निकै वर्षसम्म पनि यो पुस्तकालय ब्यूँतिन नसकेको अवस्थालाई देखेर विभिन्न पत्रपत्रिकामा यसबारे चर्चापरिचर्चा हुन पुगेको हो । जस्तो कि त्रिलोचन प्रधान संपादक भएको 'समय सान्दर्भिकमा पनि भीम पुस्तकालयको बिषयमा छापिए । हिमाल पत्रिकामा पनि 'कठै पुस्तकालय' भनेर विष्णु बास्कोटाले उल्लेख गर्नु भएको । राष्ट्रसेवक स्मारिका वर्ष २७ अंकमा दोलखाली चेली जानकी कर्माचार्य (प्रधान)ले 'संरक्षणको पर्खाइमा भीम पुस्तकालय' शीर्षकमा र दोलखाली भाषा केन्द्रीत बाँपिझ्यालामा बालकृष्ण 'पासा'ले लेखेको 'के अब भीम पुस्तकालय...'

शीर्षकमा त्यस्तै अन्य राष्ट्रिय पत्रिकामा पनि लेखहरू प्रकाशित भएपछि सबैको ध्यान त तानिए तर पुनर्निर्माणका लागि कसैको मन भने तानिएन । यही बीचमा २०७२ साल बैशाख १२, १३ र २९ गतेको प्रलयकारी भूकम्पले दोलखा शहर नै सोतर बनाएको अवस्थामा यो पुस्तकालय पनि अछूतो रहेन र भग्नावशेषमा परिणत भयो ।

त्यस विनाशकारी भूकम्प आउँदाताका जनप्रतिनिधिको हैसियतमा रहेका वडाध्यक्ष दोलखाली युवा विराजमान श्रेष्ठले दोलखाको यस पुस्तकालयमा रहेका सम्पूर्ण सामग्री ओसारेर घरेलुको एउटा कोठामा लगेर असरल्ल अवस्थामा भए पनि संरक्षण गरेका हुन् । यसपछि फेरि पनि अनलाइन खबर पत्रिकाहरूमा अलपत्र परेका पुस्तकालयका पुस्तक र फर्निचर सहितको तस्बिर अंकित लेख रचना सहितको टिका टिप्पणी गरिएको थियो ।

भीम पुस्तकालय भवन पुनःनिर्माण हुन नसकेर धेरै वर्ष अल्पत्र रहेकोले समाजसेवी आत्माकृष्ण श्रेष्ठको सक्रियता र आफ्नै सम्पूर्ण लगानीमा वडा कार्यालयसँग २०८० साल मा सम्झौता गरी पौष महिनामा निर्माण कार्य सुरु गरी २०८१ साल जेठ महिनामा पुनःनिर्माण सम्पन्न गरी जेठ १९ गते आत्माकृष्ण श्रेष्ठ रुपा फाउण्डेशनले भवनको चाबी भीमेश्वन न.पा. वडा २ को वडा अध्यक्ष स्टालिन श्रेष्ठलाई हस्तान्तरण गरियो । जुन नवनिर्मित पुस्तकालयको पुनः सञ्चालनका लागि उद्घाटन यही २०८१ साल पौष २७ गते हुँदैछ ।

नोटः उपलब्ध सामग्रि, व्यक्तिहरु जस्तै; वैकुण्ठ नारायण प्रधान, तिर्थ नारायण जोशी, कृष्ण नारायण श्रेष्ठ, वीरेन्द्र श्रेष्ठ, रवि भक्त श्रेष्ठ ।

ooooo

# पुनर्जीवित भीम पुस्तकालय

*अमरकुमार प्रधान*

*संस्थापक सचिब, भीम पुस्तकालय*

नेपालमा पुस्तकालयको शुरुवात पछिनै भएको हो तर आधिकारिक रुपमा पुस्तकालय संचालन भएको अहिले २१२ वर्ष भै सकेको छ । तैपनि पुस्तकालयको खासै विकास हुन सकेको छैन । वि.सं. १८६९ भदौ १५ गते तत्कालिन राजा गीर्वाणयुद्धविक्रम शाहाले लालमोहर जारी गरी "पुस्तक चिताइ तहविल" को नामबाट पुस्तकालयको स्थापना गरेका थिए । नेपालमा सोही दिनलाई आधार मानेर पुस्तकालय दिवस मनाउन थालिएको हो ।

पुस्तकालय एवं सूचना केन्द्रहरु भनेको सभ्य समाजको मुटु नै हो । विभिन्न विद्धानहरुको भनाइ नै छ "कुनै पनि देशको विकास हेर्न त्यस देशको पुस्तकालय व्यस्थापन वा सूचना केन्द्रको विकास हेर्नु पर्दछ" । यसर्थ पनि देशको सूचना प्रवाह गर्ने संस्था/ज्ञानको भण्डार भनेको एक प्रकारले मेरुदण्ड वा रक्त संचार नली मान्न सकिन्छ । जसले देश विकासको लागि ठूलो मद्दत गर्ने गर्दछ । समाजको बहुआयामिक विकास गर्न, एक्काईसौ शताब्दीका चुनौतिको सामना गर्न तथा ज्ञानमा आधारित समाजको लागि पनि सुव्यवस्थित पुस्तकालय हुनु पर्दछ । २००७ सालपछि देशमा प्रजातन्त्रको शुरुवात भयो । अनि देशमा शिक्षाका केहि ढोकाहरु स्कुलहरू खुल्न थाले साथै पुस्तकालयहरु पनि खुल्न थाले । सार्वजनिक पुस्तकालय भनेको त्यस्तो थलोहो जहाँ सर्वसाधारणले विनारोकटोक गएर ज्ञान हाँसिल गर्न सक्ने हुनु पर्दछ ।

त्यसताका दोलखामा पनि पुस्तकालय खुल्न थालेको हो । दोलखा (अभयपुर) एक प्राचीन ऐतिहासिक शहर हो जको आफ्नै महत्वछ ।

भीम पुस्तकालयको पृष्ठभूमि केलाउँदा २०१० सालमा सार्वजनिक पुस्तकालयको रुपमा त्रिपुरा पुस्तकालयको स्थापना भएको बुझिन्छ। त्यसताका उक्त पुस्तकालयको नाम त्रिपुरा पुस्तकालय राखिएको थियो। जसले उतिखेरै सरकारी मान्यता पाएको थियो र पुस्तकालयले सरकारी मान्यता पाएर राज(पत्र निशुल्क २०३४ साल सम्मपाउंन थालेको थियो। त्यही ताका २०१४ सालमा अर्को भैरब लाईब्रेरी पनि खुलेको थियो जुन डोक्छे टोलका युवा तथा समाजसेवी भैरवबहादुर श्रेष्ठले अमेरकिन लाइब्रेरीको सहयोग जुटाई आफ्नै नाममा भैरब लाइब्रेरी खोलेका थिए जस्कालागि उनका भतिजा हरिभक्त श्रेष्ठले पनि मद्दत गरेका थिए।

२०२३ साल जेठ महिनामा दोलखाको माथिल्लो टोलमा भीषण आगलागी भयो जसले गर्दा दुबै पुस्तकालयका पुस्तकहरु भीम पब्लिक हाईस्कुलको चित्र तलामा सारिएको थियो। २०२४ सालमा भीम पब्लिक हाईस्कूलका का.मु.प्रधान अध्यापक रामाबहादुर श्रेष्ठज्यूले (साहित्यकार डा. कविताराम श्रेष्ठ) दुबै पुस्तकालयलाई छुट्टाछुट्टै नाम दिदा विवाद हुन सक्ने देखेर दुबै पुस्तकालयलाई एक समिती गठन गरेर जसमा स्कुलका दुइ शिक्षक चोकबहादुर दहाल उपाध्यक्ष र सचिब अमरकुमार प्रधानलाई राखेर भिम पब्लिक हाईस्कुलको संरक्षणमा भीम पुस्तकालय नामाकरण गरेर राख्ने निर्णय गरेका थिए। पछि भीम पब्लिक हाईस्कूलमा मेघराज कोईराला प्रधान अध्यापक भएर आएपछि प्रधान अध्यापक पुस्तकालयको पदेन अध्यक्ष, प्रधामपञ्च पदेन उपाध्यक्ष, रामबहादुर श्रेष्ठ सचिब र अमर कुमार प्रधानलाई कार्यकारी लाईब्रेरियन राखेर समिती गठन गरेका थिए।

तर पुस्तकालयलाई आवश्यक कक्षा कोठा नभएकोले कहिले कता कहिले कता सार्ने काम भयो। २०२८ सालमा भने पुस्तकालयलाई सावजनिक रुप दिई खडगबहादुर श्रेष्ठ (तत्कालीन प्रधानपञ्चको घरमा सारियो। पछि फेरि सो घरमा कृषि विकास बैंक बस्ने भए पछि माथिल्लो टोलमा नै भीमेश्वर मन्दिर जाने बाटोमास्थित मुक्तिलक्ष्मी श्रेष्ठले उपल्बध गराउनु भएको घरको ३ कवल कक्षमा सारियो। त्यस पछि कालिन्चोक युवा क्लबको आर्थिक सहयोगबाट र स्थानीय बासिन्दाहरुको सहमति जुटाइ तत्कालिन प्रधानपञ्च भरतबहादुर श्रेष्ठको कार्यकालमा हस्तबहादुर

श्रेष्ठद्वारा प्रदान जग्गा र नपुग पश्चिम पट्टि हर्कबहादुर श्रेष्ठको जग्गा अनि अझ नपुग जग्गा तिर्थबहादुरको जग्गा किनेर तत्कालिन रा.वि.से.का विद्यार्थीहरुको सहयोगमा पुस्तकालय भवन खडा भयो र २०३४ सालदेखि आफ्नै भवनमा संचालन भएको थियो । साथै पुस्तकालय व्यवस्थित गर्नकालागि भिम पब्लिक हाईस्कूलका शिक्षक तथा संस्थापक सदश्य अमरकुमार प्रधान लगायत अन्य दोलखावासी युवकहरुले सह कार्य गरेका थिए र केही पत्र पत्रिकाहरूको ग्राहक बनेर राख्ने व्यवस्था पनि भएको थियो ।

भीम पुस्तकालय जसोतसो संचालनमा थियो, २०७२ सालको भुक्मपले यस भवनलाई क्षति पुऱ्यायो र यो भवन तर्फ कसैको ध्यान जान सकेन अत यो भवन ध्वस्त नै भयो र पुस्तकहरू पनि सुरक्षित हुन सकेन ।

पुरानो ऐतिहासिक महत्व बोकेको पुस्तकालय फेरि जीवित हुन निकै गाह्रो भयो तर सबको दिन आउंछ भनिन्छ त्यस्तै भयो पनि राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा छापिएको स्मारिकाको पन्ध्रौं पुस्तकालय दिवस, २०७९ एउटा लेख "**संरक्षणको परखाईमा भीम पुस्तकालय**" ले बरीष्ठ ईन्जिनियर तथा समाजसेवी आत्माकृष्ण श्रेष्ठज्यूलाई भीम पुस्तकालय जीवित पार्नु पर्छ भन्ने लागेछ र आफ्नो स्वर्गिय पत्नी (रुपा) को नाममा स्थापना गरेको परोपकारी निजी गुठी रुपा फाउन्डेसन मार्फत पुरानै ठाँउमा नै भवन तयार पार्ने निणर्य गरेर रु. १५ लाख ५० हजारको लागतमा दुइ तले भवन निर्माण सम्पन्न गरेर स्थनीय सरकारलाई २०८१ जेठ १९ गते हस्तान्तर गर्नु भएको छ । साथै केहीमात्रामा आवश्यक परेको सहयोग फाउन्डेसनले पनि गर्ने छ त्यस्तै उहाँकै भान्जा रोचक प्रधानले रु. १ लाख पुस्तकालयमा फर्निचर किन्न दिनुभएको छ। हाल भीमेश्वर नगरपालिका वडा नं दुइ ले भवनको साँचो बुझि सकेको छ । नयाँ आर्थिकवर्ष देखि व्यवस्थितरुपमा संचालन हुने छ ।

यसरी हराई सकेको पुस्तकालय पुनर्जीवित भएकोछ, दोलखावासी, अध्यनशील व्यक्तिहरु अनि हामी पुस्तकालयकर्मी सबकोलागि यो खुसीको कुरा हो । जस्कोलागि इन्जिनियर तथा समाजसेवी आत्माकृष्ण श्रेष्ठ रुपा फाउन्डेसनलाई धन्यवाद नै दिनु पर्दछ। साथै समाजसेवी आत्माकृष्ण

श्रेष्ठले रुपा फाउन्डेसन बाटै गौरीशंकर बहुमुखी क्याम्पस, चरिकोटमा पनि २५ लाख खर्च गरेर रुपा स्मृति पुस्तकालय निर्माण गरी संचालन गरिदिनुभएको छ भने Read Nepal को सहयोगमा आत्माकृष्ण श्रेष्ठ संस्थापक अध्यक्ष रही गौरीशंकर सामुदायिक पुस्तकालय चरिकोटमा स्थापना भएको छ। जस्ले बाह्रौं पुस्तकालय दिवसको अवसरमा उत्कृष्ट पुस्तकालयको सम्मान पाएको थियो। साथै समाजसेवी श्रेष्ठज्यूले काठमाडौं बालाजुस्थित बनस्थलीमा जनजागृति मा.वि.मा पनि उहाँको स्वर्गीय नातिनी सानाराको स्मृतिमा पुस्तकालय स्थापना गरिदिनुभएको छ। समाजसेवी श्रेष्ठले समाजकोलागि आवश्यक अन्य कार्यहरू पनि गर्नु भएको छ। उहाँको यस्तो असल कार्यकोलागि हामी सबले आभार व्यक्त गर्नु पर्दछ।

ooooo



# संरक्षणको परखाईमा भीम पुस्तकालय

*जानकी कर्माचार्य*

नेपालमा आधिकारिक रुपमा पुस्तकालय संचालन भएको अहिले ११० वर्ष भै सकेको छ। हुन त १०४ वर्षको रणाकालमा पुस्तकालय व्यवस्थापनमा धेरै संकट परेको थियो, त्यतिखेर राणा प्रधानमन्त्री भीमशम्शेरको पालामा (१९८६ वि.सं) पुस्तकालय खोल्न खोज्नेहरुलाई संजाय भएको थियो जसलाई लाईब्रेरी पर्वू भनिनछ। तर पनि त्यतिखेर केहि पुस्तकालयहरु खुलेका थिए।

वि.सं. १८६९ भदौ १५ गते तत्कालिन राजा गीर्वाणयुद्धविक्रम शाहाले लालमोहर जारी गरी पुस्तक चिताइ तहविलू को नामबाट स्थापना गरेका थिए। नेपालमा सोही दिनलाई आधार मानेर पुस्तकालय दिवस मनाउन थालिएको हो।

पुस्तकालय एवं सूचना केन्द्रहरु भनेको सभ्य समाजको मुटु नै हो। विविभिन्न विद्धानहरुको भनाइ नै छ "कुनै पनि देशको विकास हेर्न त्यस देशको पुस्तकालय व्यस्थापन वा सूचना केन्द्रको विकास हेर्नु पर्दछ"। यसर्थ पनि देशको सूचना प्रवाहगर्ने संस्था/ज्ञानको भण्डार भनेको एक प्रकारले मेरुदण्ड वा रक्त संचार नली (नशा) मान्न सकिन्छ। जसले देश विकासको लागि ठूलो मद्दत गर्ने गर्दछ। समाजको बहुआयामिक विकास गर्न, एकाईसौ सतप्दिका चुनौतिको सामना गर्न तथा ज्ञानमा अधारित समाजको लागि पनि सुव्यवस्थित पुस्तकालय हुनु पर्दछ। २००७ साल पछि देशमा प्रजातन्त्रको शुरुवात भयो अनि देशमा शिक्षाका केहि ढोकाहरु (स्कूल) खुल्न थाले साथै पुस्तकालयहरु पनि खुल्न थाले। **(प्रजातन्त्र अघि देशभरमा सार्वजनिक पुस्तकालय २७ वटा**

मात्र थियो) रु समाजसेवी बालकृष्ण श्रेष्ठ दोलखालीका अनुसार दोलखामा पनि क्रमश त्रिपुरा, भैरव र सरस्वती पुस्तकालयहरु खुलेका थिए । सरस्वती पुस्तकालय विद्यार्थीहरु मिलेर खोलेका थिए जस्कोलागि अमृतबहादुरको कोठा प्रयोग गरेका थिए ।

दोलखा (अभयपुर) एक प्राचिन ऐतिहाँसिक शहर हो जस्को आफ्नै महत्व छ । भीम पुस्तकालयको कुरा गर्दा समय सान्दर्भिक पत्रिकाका संपादक त्रिलोचनका अनुसन्धान अनुशार २०१० सालमा त्रिपुरा पुस्तकालयको स्थापना भएको बुझिन्छ ।

२००८ सालमा भिम पब्लिक हाईस्कूल (हालको भिम माध्यामिक विद्यालय) स्थापना भए पछि २०१० सालमा त्रिपुरा पुस्तकालयको स्थापना भएको थियो। जस्कोलागि डोक्छे निवासी हस्तबहादुर श्रेष्ठले जग्गा दान गर्नु भएको कुरा कागज पत्रमा उल्लेख छ। त्यस पछि यस पुस्तकालयले सरकारी मान्यता पाएर राज(पत्र निशुल्क पाउंन थालेको थियो। त्यहिताका डोक्छे टोलका युवा भैरवबहादुर श्रेष्ठले अमेरकिन लाइब्रेरीको सहयोग जुटाई आफ्नै नाममा भैरब लाइब्रेरी खोलेका थिए जस्कालागि उनका भतिजा हरिभक्त श्रेष्ठले पनि मद्दत गरेका थिए । तर दुर्भाग्य भन्नु पर्छ २०२३ साल जेष्ठ ९ गते दोलखाको माथिल्लो बजारमा भीषण आगलागी भयो । त्यसबखत डोक्छे (दोल्खा भाषामा "डोक्छे" भनेको ठूलो घर (नेपालको इतिहासमा चाँदिको मोहर चलाउने प्रथम राजा इन्दसिंह देबका भाइ जयनारायण द्वारा बनाइएको घरमा ५५ चुलो बल्छ भन्ने भनाइ थियो।) टोल सो आगलागीमा खरानी भयो। अनि त्यतिखेर सामानहरु ओसार पसार गर्दा त्रिपुरा पुस्तकालय र भैरब लाइब्रेरी दुबै पुस्तकालयका पुस्तकहरु भिम पब्लिक हाईस्कूलको चित्र तलामा सारियो जुन भैरबबहादुरका जेठी छोरी चित्रलेखाले भीम पब्लिक हाई स्कूलकोलागि बनाइदिएकी थिइन् ।

२०२४ सालमा भीम पब्लिक हाईस्कूलमा का.मु. प्रधान अध्यापक रामा बहादुर श्रेष्ठ (साहित्यकार डा. कविताराम श्रेष्ठ) आए पछि दुबै पुस्तकालयलाई छुट्टाछुट्टै नाम दिदा विवाद हुन सक्ने देखेर दुबै पुस्तकालयलाई

भिम पब्लिक हाईस्कूलको संरक्षणमा भीम पुस्तकालय नामाकरण गरेर राख्ने निर्णय गरियो । त्यसैताका इँन्जिनियर आत्माकृष्ण श्रेष्ठज्युले (समाज सेवि) आफ्नो बावुले खोलेको पुस्तकालय भएकोले त्यस बखतको एस.एल.सी.का विद्यार्थीहरुकालागि पुस्तक किनेर पुस्तकालयमा पढ्ने वातारण बनाईदिनु भएको थियो । तर पुस्तकालयलाई आवश्यक कक्षा कोठा नभएकोले कहिले कता कहिले कता सार्ने काम भयो । २०२८ सालमा भने पुस्तकालयलाई सावजनिक रुप दिई खडगबहादुर श्रेष्ठ (तत्कालीन प्रधानपञ्च) को घरमा सारियो । पछि फेरि सो घरमा कृषि विकास बैंक बस्ने भए पछि माथिल्लो टोलमा नै भीमेश्वर मन्दिर जाने बाटोमा स्थित मुक्तिलक्ष्मी श्रेष्ठले उपल्बध गराउनु भएको घरको ३ कवल कक्षमा सारियो । त्यस पछि कालिन्चोक युवा कल्बको आर्थिक सहयोगबाट र स्थानिय बासिन्दाहरुको सहमति जुटाइ तत्कालिन प्रधानपञ्च भरतबहादुर श्रेष्ठको कार्यकालमा हस्तबहादुर श्रेष्ठद्वारा प्रदान जग्गा र नपुग पश्चिम पट्टि हर्कबहादुर श्रेष्ठको जग्गा अनि अझ नपुग जग्गा तिर्थबहादुरको जग्गा किनेर तत्कालिन रा.वि.से.का विद्यार्थीहरुको सहयोगमा पुस्तकालय भवन खडा भयो र २०३४ साल देखि आफ्नै भवनमा संचालन भएको थियो ।

यस पछि भीम पुस्तकालय संचालन भैरहेकै थियो । २०७२ सालको भुक्मपले यस भवनलाई क्षति पुऱ्यायो र यो भवन तर्फ कसैको ध्यान जान सकेन अत यो भवन ध्वस्त भैसकेको छ र यसका पुस्तक घरेलुमा कार्यलयकोलाग निर्मित भवनमा सुरक्षित छ भन्ने मान्नेता छ । पुस्तकालय भनेको साना एक वा दुइ कक्षमा मात्र सिमित हुने संस्था हैन त्यसैले यसकोलागि छुट्टै भवन हुनु पर्छ साथै बजेटले भ्याए सम्मन सुविदा सम्पन्न र प्राविधिक कर्मचारी हुन जरुरि छ ।

अहिलेको अवस्थामा सार्वजनिक पुस्तकालय वा समुदायिक पुस्तकालय समानको मेरु दण्ड नै हो जस्ले असल नागरिक,असल समाजको वृधि र विकासमा टेवा पुऱ्याउँ छ । औपचारिक शिक्षाले शिक्षित बनाउ छ तर पुस्तकालयले सबै विषयको ज्ञान दिन्छ जहाँ सबैले विना रोकटोक ज्ञान हाँसिल गर्न सक्द छन् । भीम पुस्तकालय स्कूलको

नाममा भएतापनि यो सर्वजनिक पुस्तकालय नै हो । भीम पुस्तकालयलाई पुरातत्व विभागले पनि पुरानो इतिहास बोकेको पुस्तकालय भनेर मान्यता दिएको छ साथै शिक्षा तथा विज्ञान प्रधि मन्त्रालयले पनि पुरानो पुस्तकालय भनी बर्गीकरण गरेको छ । अतः अहिलेको भवन भएकै ठाउँमा पूर्व पट्टि खालि रहेको जग्गा समेटेर आधुनिक भवन बनाउन जरुरी छ । सो जग्गा विभिन्न व्यक्तिहरुको भएतापनि सबैले पुस्तकालयको अभिलेखमा आ-आफ्नो नाम उल्लेख गरेको खण्डमा जग्गा दिन तयार छन् । हुन त स्व. भैरबबहादुर श्रेष्ठका छोरा समाजेवी आत्माकृष्ण श्रेष्ठज्युले जग्गा साथै अलि ठूलै आर्थिक सहयोग भवन निर्माणकालागि दिने आश्वासन दिएका छन् तर पहल गर्ने मान्छेको खाँचो परेको छ ।

कुनै पनि संस्था वा पुस्तकालयको विकास अथवा संचालन गर्न भवन मात्र भएर पर्याप्त हुदैन जस्कोलागि आवश्यक सामाग्रीहरु र पर्याप्त मात्रामा तालिम प्राप्त मानव स्रोतको पनि जरुरत पर्दछ । भनिन्छ पुस्तकालय संचालन गर्नकालागि त्रिकोणको राम्रो व्यवस्था हुन जरुरी हुन्छ जस्तैः भवन तथा पुस्तक संकलन,राम्रो सेवा प्रदान गर्ने मानव शक्ति र पाठक । विना पाठकको पुस्तकालयको पनि काम छैन । कुनै पनि पुस्तकालय कस्तो छ भनेर हेर्न त्यस पुस्तकालयमा आउने पाठकको संख्याबाट नै अनुमान लगाउन सकिन्छ ।

दोलखाको सदरमुकाम चरिकोटमा समाजसेवी आत्माकृष्ण श्रेष्ठज्यूको पहलमा रिड नेपालले खडागरेको गौरी शंकर पुस्तकालयलाई सहयोग गरेर भव्य भवन तयार भएर संचालणमा छ । जसले नेपाल पुसतकालय दिसवसको अवसरमा राम्रो सेवा प्रदान गरेवापत पुरष्कार पनि पाएको थियो । हालसालै आत्माकृष्ण श्रेष्ठज्यूले आफ्नो स्वर्गीय पत्नी रुपा श्रेष्ठको सन्मान स्वरुप चरिकोट स्थित गोरिशंकर क्याम्पसमा पुस्तकालय निर्माण गरेर पुस्तकालयको व्यवस्थापन पनि गर्नु भएको छ । तर दोलखाको ऐतिहासिक भीम पुस्तकालय भने ओझेलमा परेको परेकै छ । पहिले काल्लिनचोक युवाकल्वले मद्दत गर्दा पुस्तकालय संकलन तथा मानव शक्तिको पनि विकास गरेको थियो । त्यतिखेर पुस्तकालय राम्रै

संचालनमा थियो, कतिपयले त स्वयमसेवकको रुपमा काम पनि गरेका थिए साथै पुस्तकालय समितिको व्यवस्था पनि भएकोले नियमित संचालनमा थियो । त्यस्ताका साहित्यमा रुचि राख्ने अध्ययनशिल भिम पब्लिक हाइस्कूलका शिक्षक अमरकुमार प्रधानले आफू स्वयमसेवक बसेर पुस्तकालय संचालनमा ल्याउने कार्य गरेका थिए । उनी पछि अरुले पनि पुस्तकालय संचालन गरेकै थिए तर केहि राजनैतिक विकृतिले गर्दा पुस्तकालय ओझेलमा पर्दै गयो । केसर पुस्तकालयले दोलखाको चरि कोटमा २०६७ सालमा ७ दिने पुस्तकालय व्यवस्थापन तालिम निशुल्क प्रदान गर्दा भिम पुस्तकालयका एक जना सदस्यले पनि भाग लिएका थिए तर त्यो पनि आशा लाग्दो हुन सकेन ।

२०७२ सालको भूकम्प पछि यो पुस्तकालय पूरै थला नै परेको छ । भूकम्प पछि दोलखाबजारको मुहार फेरिएको छ नयाँ भवनहरु बनेका छन् तर पुस्तकालय भने हराएको छ। भत्केका सबै जसो भवनहरु, स्कूलहरु आधुनिक रुपमा निर्माण भैसकेका छन् तर सवल नेतृत्वको अभावले भीम पुस्तकालय उठनै नसकेर थला परेको परेकै छ । यस पुस्तकालयको उत्थानकालागि नेपाल सरकार शिक्षा तथा विज्ञान प्रविधि मंत्रालय र दोलखा वासीको ध्यान पनि जानु अति नै जरुरी छ । अनि सफल नेतृत्वको अति नै खाँचो परेको छ। व्यवस्थित पुस्तकालय भएको अवस्थामा समाजमा पठन संस्कृतिको विकास भएर सवल र शिक्षित समाज तयार हुनेनै छ ।

*साभारः पन्ध्रौं पुस्ताकालय दिवस स्मारिका*

*प्रकाशकः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय*

ooooo

# भीम पुस्तकालयको वर्तमान व्यवस्थापन समिति

| | |
|---|---|
| संरक्षकः | ई. आत्माकृष्ण श्रेष्ठ |
| सल्लाहकारः | प्रा. अमन श्रेष्ठ |
| सल्लाहकारः | अमरकुमार प्रधान |
| सल्लाहकारः | प्रा. डा. ई. हरिदर्शन श्रेष्ठ |
| सल्लाहकारः | पूर्व महान्यायाधीवक्त मुक्ति प्रधान |
| सल्लाहकारः | भोला श्रेष्ठ |
| सल्लाहकारः | हर्कबहादुर श्रेष्ठ |
| सल्लाहकारः | सकुना श्रेष्ठ मलेकु |
| संयोजकः | रत्नबहादुर श्रेष्ठ |
| सचिवः | हेमनकुमार श्रेष्ठ |
| कोषाध्यक्षः | कुमारी श्रेष्ठ चाकुबजी |
| सदस्यः | भक्तलाल श्रेष्ठ |
| सदस्यः | जगतकुमार श्रेष्ठ |
| सदस्यः | शान्त श्रेष्ठ |
| सदस्यः | भरतनारायण प्रधान |
| पदेन सदस्यः | वडा अध्यक्ष स्टालिन श्रेष्ठ |



दोलखा निवासी हाल अमेरिका रहनुहुने रोचक प्रधानद्धारा पुस्तकालयको फर्निचन व्यवस्थापनको लागि दिएको एक लाख रकम वडा अध्यक्ष स्टालिन श्रेष्ठबाट व्यवस्थापन समितिको पदाधिकारीलाई हस्तान्तरण ।



दोलखाका संघ संस्थाका प्रतिनिधिसँग
पुस्तकालय व्यवस्थापन समितिका पदाधिकारी बीचको छलफल ।



संरक्षक, सल्लाहकार र पुस्तकालय व्यवस्थापन समितिका
पदाधिकारीहरु ।



पहीलेको भवन ।



२०७२ सालको महाभूकम्पले क्षतिग्रस्त भवन ।

प्रकाशक:

**भीम पुस्तकालय व्यवस्थापन समिति**

भीमेश्वर नगरपालिका-२, दोलखा